।। श्रीमते रामानुजाय नमः ।।

# श्रीवैष्णवसौभाग्यम्

परमकारुणिक श्रीपराशरभट्टर्स्वामीजी

द्वारा

अनुगृहीत अष्टश्लोकीको विवरण


विवरणकर्ता

**विद्वान् श्रीकृष्णमाचार्य**



प्रकाशक

**जीवनाथ ज्ञवाली**

माण्डव्यनिवास

मन्दिरमार्ग, गैंडाकोट-१, नवलपरासी

✆ ९८४५०२४१७४

मूल्य रु. १५।-


http://acharya.org

श्रीमते रामानुजाय नमः

# भूमिका

**सत्संम्प्रदायनिष्ठ श्रीवैष्णवबन्धुहरूको सन्निधानमा सविनय निवेदन ॥**

हाम्रो श्रीभगवद्रामानुजसम्प्रदायमा रहस्यत्रय, तत्त्वत्रय एवम् अर्थपञ्चकजस्ता अमूल्य विषयहरू मुमुक्षुहरूको लागि अवश्य जान्ने योग्य छन्। तत्त्व-हित-पुरुषार्थहरूलाई यथार्थरूपमा निरूपण गर्ने अष्टाक्षरीमन्त्र, द्वयमन्त्र एवं चरमश्लोक यी तीन मन्त्रहरू नै रहस्यत्रय भनेर बताइएका छन् । यी तीन रहस्यहरूको अर्थलाई पूर्वाचार्यहरूले विभिन्न ग्रन्थहरूमा विस्तृतरूपमा विवरण गर्नुभएको छ । ती ग्रन्थहरूमध्ये परमकारुणिक, अष्टादशरहस्यग्रन्थकर्ता श्रीलोकाचार्यस्वामीजीको "**मुमुक्षुप्पडि**" नामक ग्रन्थ श्रीवैष्णवजगत्मा कालक्षेपग्रन्थको रूपमा सुप्रसिद्ध छ ॥

सदाचार्यहरूको उपदेशपरम्पराद्वारा नै जान्न सकिने निगूढार्थ भएको विषयलाई रहस्य भनिन्छ । भगवान् श्रीमन्नारायण नै यी रहस्यत्रय नामक अष्टाक्षरी-द्वय एवं चरमश्लोकहरूका उपदेशक आदिम आचार्य हुनुहुन्छ । भगवान्देखि नै प्रारम्भ भएर उपदेश परम्पराले यी रहस्यहरू



http://acharya.org

हामीहरूलाई प्राप्त भएका हुन् ॥

श्रीभगवद्रामानुजस्वामीजीका अग्रगण्य शिष्य, पञ्चस्तवीका रचयिता श्रीकूरेशस्वामीजीका सुपुत्र श्रीपराशरभट्टर्स्वामीजी गुरुपरम्पराको हारमालामा सुप्रसिद्ध महाचार्य हुनुहुन्छ । अपारशास्त्रपाण्डित्यमण्डित श्रीआचार्यचरणका कृतिहरू अत्यन्तै विलक्षण एवं सुप्रसिद्ध छन् । सुमधुर स्तोत्रवाङ्मयको माध्यमबाट उहाँले वेदविरुद्धमतहरूलाई खण्डन गरेर श्रुति-स्मृति एवं वेदान्तसूत्रहरूको सम्मत विशिष्टाद्वैतसिद्धान्तलाई सुदृढरूपमा स्थापना गर्नुभएको छ । श्रीरङ्गराजस्तव-पूर्वोत्तरशतक, श्रीगुणरत्नकोश, अष्टश्लोकी, समय-समयमा आशुकविताका रूपमा आविष्कार गरेका विभिन्न मुक्तक श्लोकहरू, श्रीविष्णुसहस्रनामस्तोत्रमाथि निर्माण गरेको भगवद्गुणदर्पणभाष्य जस्ता उहाँका प्रौढ रचनाहरू विद्वज्जगत्मा सुप्रसिद्ध छन् । व्याकरणशास्त्रमा उहाँ अगाधवैदुष्यसम्पन्न हुनुहुन्थ्यो भन्ने विषय उहाँका प्रयोगहरूबाट नै सुस्पष्टरूपमा जान्न सकिन्छ । 'तत्त्वरत्नाकर' नामक उहाँको प्रसिद्धशास्त्र ग्रन्थ थियो । तर कालक्रमेण त्यो ग्रन्थ लुप्त भयो । श्रीवेदान्तदेशिकस्वामीजीले उक्त ग्रन्थबाट पङ्क्तिहरूलाई उद्धृत गर्नुभएको छ ॥

श्रीपराशरभट्टरस्वामीजी, श्रीरङ्गनाथ भगवान्‌को लागि र श्रीभगवद्रामानुजस्वामीजीको लागि अत्यन्त प्रियपात्र हुनुहुन्थ्यो ।



http://acharya.org

श्रीरङ्गनाथभगवान्‌को उत्सवहरूमा सुमधुररूपमा पाठहरू सुनाउने कैङ्कर्य उहाँले नै गर्नुहुन्थ्यो । त्यही भएर उहाँलाई '**श्रीरङ्गेशपुरोहित**' भन्ने नामले व्यवहार गरिएको छ ॥

उहाँका कृतिहरूमा आकृतिमा सानो भएता पनि "**अष्टश्लोकी**" नामक स्तोत्र अत्यन्तै मार्मिक छ । तीन रहस्य (मन्त्र) हरूको समग्र अर्थलाई उहाँले आठ श्लोकहरूमा समाविष्ट गर्नुभएको छ । मन्त्रहरूको सम्पूर्ण अर्थले युक्त भएको हुनाले यो स्तोत्र, समस्त श्रीवैष्णवहरूको लागि अनुसन्धेय छ ॥

प्रामाणिक पूर्वाचार्यहरूले संस्कृत एवं द्राविड भाषाहरूमा यस स्तोत्रमाथि विस्तृत व्याख्याहरूको रचना गर्नुभएको छ । अर्वाचीन आचार्यहरूले पनि विभिन्न भाषाहरूमा अनुवाद गरेर जिज्ञासुहरूको लागि महोपकार गर्नुभएको छ ॥

आफ्नो आचार्यको सन्निधानमा दक्षिणभारतमा रहेर अनुसन्धान गर्दा आफूलाई प्राप्त भएको अर्थविशेषलाई संक्षिप्तरूपमा नेपाली विवरणको साथमा समर्पण गर्नको लागि आफ्नो यो स्वल्पप्रयास हो ॥

विद्वज्जनविधेय

*श्रीकृष्णमाचार्य*



http://acharya.org

श्रीमते रामानुजाय नमः

# अवतरणिका

"**सर्वं विष्णुमयं जगत्**" भने अनुसार लोकमा कुनै पनि वस्तु र कुनै पनि व्यक्ति भगवान् श्रीमहाविष्णुकै शेषभूत हो । विष्णुको सम्बन्ध नभएको कुनै पनि पदार्थ छैन । यस परमार्थलाई जान्नेवाला व्यक्ति नै वैष्णव हो । यही परिज्ञान नै मानवको लागि उज्जीवनको हेतु हो । यस तत्त्वलाई जान्न नसकेर मानव दुःखको वशमा पर्दछ । यस्ता अज्ञानीहरूको पुनरुद्धारको लागि भगवद्रामानुज आदि पूर्वाचार्यहरूले शास्त्रोक्त पञ्चसंस्कारपद्धतिलाई श्रीवैष्णवदीक्षाको रूपमा प्रबोधन गरेर अनुष्ठानमा लागु गर्नुभयो । राम्रो ज्ञानानुष्ठानले सम्पन्न सदाचार्यको सन्निधानमा यी संस्कारहरूलाई प्राप्त गर्ने श्रीवैष्णवले, धन्यजन्मा बनेर भगवदनुग्रहद्वारा इहलोकमा सुख एवं देहावसानमा परलोकमा मोक्षानन्दलाई प्राप्त गर्दछ ॥

## पञ्चसंस्कार भनेको के हो ?

"यो भगवान्‌को दास हो" भनेर अरुले जान्न सक्ने गरी केही चिह्न (लक्षण) हरूलाई आचार्यले शिष्यलाई प्रदान गर्नुहुन्छ । त्यो संस्कार पाँच प्रकारको हुन्छ । ती मध्ये "**तापः-पुण्ड्रः**" यी



http://acharya.org

दुई संस्कारहरू देहमा धारण गरिने संस्कार हुन् ।

१) आचार्यले शिष्यको देहलाई संस्कार गर्नको लागि पवित्रतम सानो इष्टि (हवन) कार्यलाई सम्पन्न गरेर त्यस पवित्र अग्निमा तप्त बनाइएका भगवान्का दिव्यायुधचिह्न शंख-चक्रहरूद्वारा (शिष्यको) भुजाहरूमा मुद्रा धारण गराइदिनुहुन्छ । यो तापसंस्कार हो ॥

२) भगवत्पादचिह्नको रूपमा श्वेतमृत्तिका एवं हरिद्राचूर्ण (श्री) द्वारा ललाट आदि द्वादश स्थानहरूमा तिलक धारण गराउनुहुन्छ । यो पुण्ड्रसंस्कार हो ॥

३) बाल्यकालमा माता पिताले राखिदिएको व्यवहारनामलाई छोडेर यो व्यक्ति भगवान्को दास हो भन्ने विषय सूचित हुनेगरी यौटा नयाँ नाम आचार्यले राखिदिनुहुन्छ यो तेस्रो संस्कार हो । यसैलाई नामसंस्कार भन्दछन् ॥

४) शिष्यले नित्य अनुसन्धान गर्नको लागि आचार्यले अष्टाक्षरीमहामन्त्र, वाक्यद्वयात्मक (दुई वाक्यमा विद्यमान) शरणागतिमन्त्र र भगवद्गीतामा भएको मन्त्रात्मक चरमश्लोकलाई (शिष्यको) दायाँ कानमा उपदेश गर्नुहुन्छ । यो "**मन्त्रोपदेश**" नामक चौथो संस्कार हो ॥

५) शिष्यले नित्याराधना गर्नको लागि सालग्राम आदि भगन्मूर्ति र आफ्नो श्रीपादमुद्रा भएको वस्त्रलाई आचार्यले प्रदान गर्नुहुन्छ । उहाँको आदेश अनुसार ती


http://acharya.org

भगवन्मूर्तिहरूलाई शिष्यले आफ्नो आराधनामा राख्दछ। यो **'याग'** नामक पाँचौ संस्कार हो ॥

यी पञ्चसंस्कारहरूलाई प्राप्त गरेको श्रीवैष्णवले अनन्यभक्ति र श्रद्धाको साथमा प्रत्येक दिन भगवान्‌को मन्त्रहरूको जप गर्दै श्रीविष्णुसहस्रनाम आदिको अनुसन्धान (पाठ) गरेर भगवन्निवेदित (भगवान्‌लाई भोग लगाएको) प्रसादलाई स्वीकार गर्दै पवित्र आफ्नो जीवनलाई यापन गर्दै कुनै पनि प्रकारले भगवान्‌को र भगवान्‌को भक्तहरूको विषयमा अपचार नगरीकन आफ्नो वर्णाश्रमधर्मको आचरण गर्नुपर्दछ ॥

प्रत्येक जीव, आफूले गरेको कर्मको अनुसार अनेक जन्महरू लिँदै दुःखपरम्परारूप संसारसागरमा डुबेको छ। यस संसारबाट निवृत्त भएर पार हुनका लागि मानवजन्ममा हाम्रा पूर्वाचार्यहरूले हामीलाई प्रदान गरेको एकमात्र उत्तम उपाय-विश्वसनीय मार्ग यही हो । यस मार्गबाट यात्रा गरेर सबै जनाले उज्जीवन प्राप्त गरौं ।



http://acharya.org

***श्रीपराशरभट्टार्यः श्रीरङ्गेशपुरोहितः ।***
***श्रीवत्साङ्कसुतः श्रीमान् श्रेयसे मेऽस्तु भूयसे ॥***

"**अष्टश्लोकी**" नामक यो सानो स्तोत्र, प्रपन्न भगवद्भक्तहरूको लागि नित्य अनुसन्धेय छ। हाम्रा पूर्वाचार्यहरूले प्रत्येक दिन प्रातःकालमा यस स्तोत्रको अनुसन्धान गर्नुहुन्थ्यो। श्रीपराशरभट्टर्स्वामीजीले आठ श्लोकले युक्त भएको सानो यस स्तोत्रमा अष्टाक्षरी, द्वय र चरम श्लोकहरूको मुख्यार्थलाई विवरण गर्नुभएको छ। यसरी यो स्तोत्रले रहस्यत्रयको विवरण भएको हुनाले स्तोत्रवाङ्मयमा प्राधान्यलाई प्राप्त गरेको छ। श्रीरामानुजस्वामीजी पछि आचार्यपीठमा अधिष्ठित भएका श्रीपराशरभट्टर्स्वामीजीले यस स्तोत्रको रचना गरेर हामीलाई प्रदान गर्नुभयो। "**श्रीपराशरभट्टार्यः**" भन्ने यो श्लोक श्रीपराशरभट्टर्स्वामीजीलाई कृतज्ञताभावको साथमा स्मरण गर्नका लागि स्तुतिरूपमा यसको प्रारम्भमा मिलाइएको हो। पहिला यस श्लोकलाई पढेर त्यसपछि स्तोत्रको अनुसन्धान गर्नु पर्दछ। श्रीभट्टर्स्वामीजी, श्रीरङ्गम्मा भगवान् श्रीरङ्गनाथको सन्निधिमा चल्ने सबै उत्सवहरूको मुख्य निर्वाहक पुरोहित हुनुहुन्थ्यो। '**श्रीवत्साङ्क**' नामक श्रीकूरेशस्वामीजीका यहाँ पुत्र हुनुहुन्छ। साथै हामी सबैको लागि श्रेयोदायक हुनुहुन्छ॥


http://acharya.org

सम्बन्धम् = अविनाभावसम्बन्धलाई
नियमयति = निर्धारण गरेर बताउँदछ
त्रयीसार: = वेदको सारभूत
त्र्यात्मा = तीन अक्षरहरूले युक्त भएको
प्रणव: = ओङ्कारले
इमम् अर्थम् = जीव भगवान्को दास हो भन्ने यो अर्थलाई
समदिशत् = निरूपण गर्दछ ।

## विवरण -

"अ-उ-म" यी तीन अक्षरहरूको समाहार नै सन्धिमा "ओम्" भन्ने प्रणवको रूपमा परिणत हुन्छ । यो, अष्टाक्षरी मन्त्रमा पहिलो पद हो । यस श्लोकमा प्रणवको अर्थ विवरण गरिएको छ । त्यसमा पहिलो पद अकारले लोकका सृष्टि-स्थिति-संकारकर्ता विष्णुभगवान्लाई बोध गराउँदछ भनेर महापुरुषहरूले बताउनुभएको छ । '**विष्णु**' भन्ने पदले, सबै वस्तुहरूमा भित्र र बाहिर व्यापक रूपमा विराजमान रहनेवाला भन्ने अर्थ बताउँदछ । साथै '**सर्वरक्षक**' भन्ने अर्थलाई पनि बताउँदछ । त्यस्तो व्यक्ति परमात्मा बाहेक अर्को कोही पनि हुन सक्दैन । यो '**अ**'कार ले भगवान् नारायणलाई बताउँदछ । अब '**म**'कारको जीव भन्ने अर्थ हो । ऊ (जीव) परमात्माको उपकरण (आफ्नो वस्तु) भएको हुनाले उहाँको लागि यथेष्टरूपमा



http://acharya.org

सम्बन्धम् = अविनाभावसम्बन्धलाई
नियमयति = निर्धारण गरेर बताउँदछ
त्रयीसारः = वेदको सारभूत
त्र्यात्मा = तीन अक्षरहरूले युक्त भएको
प्रणवः = ओङ्कारले
इमम् अर्थम् = जीव भगवान्को दास हो भन्ने यो अर्थलाई
समदिशत् = निरूपण गर्दछ ।

## विवरण -

"अ-उ-म" यी तीन अक्षरहरूको समाहार नै सन्धिमा "ओम्" भन्ने प्रणवको रूपमा परिणत हुन्छ । यो, अष्टाक्षरी मन्त्रमा पहिलो पद हो । यस श्लोकमा प्रणवको अर्थ विवरण गरिएको छ । त्यसमा पहिलो पद अकारले लोकका सृष्टि-स्थिति-संकारकर्ता विष्णुभगवान्लाई बोध गराउँदछ भनेर महापुरुषहरूले बताउनुभएको छ । '**विष्णु**' भन्ने पदले, सबै वस्तुहरूमा भित्र र बाहिर व्यापक रूपमा विराजमान रहनेवाला भन्ने अर्थ बताउँदछ । साथै '**सर्वरक्षक**' भन्ने अर्थलाई पनि बताउँदछ । त्यस्तो व्यक्ति परमात्मा बाहेक अर्को कोही पनि हुन सक्दैन । यो '**अ**'कार ले भगवान् नारायणलाई बताउँदछ । अब '**म**'कारको जीव भन्ने अर्थ हो । ऊ (जीव) परमात्माको उपकरण (आफ्नो वस्तु) भएको हुनाले उहाँको लागि यथेष्टरूपमा


http://acharya.org

उपयोगमा आउने शेषभूत हो। जीव यौटा मात्र छैन। पूरै जीवराशिलाई तीन वर्गको रूपमा विभाजन गरिएको छ॥

१) संसारमण्डलमा रहने बद्धजीवहरू सबै एकराशि हुन्।

२) भगवान् एवम् आचार्यको अनुग्रहद्वारा तत्त्वलाई जानेर उपासना गरेर मुक्तिलाई प्राप्त गरेको जीववर्ग अर्को राशि हो। उनीहरूलाई मुक्तजीव भन्दछन्।

३) संसारको सम्बन्धै नभएका सदा भगवान्को श्रीवैकुण्ठलोकमा नै रहनेवाला भगवत्सेवकका रूपमा विराजमान दिव्यमहिषीगण, अनन्त - गरुड - विष्वक्सेन आदि गरिएका नित्यजीवहरू तेस्रो राशि हुन्॥

यी तीनप्रकारका जीवहरू भगवान्का शेषभूत हुन्। साथै 'म'कार ('म' भन्ने प्रणवको दोस्रो अक्षर) द्वारा बोध्य छन्। 'म' भन्ने अक्षर ज्ञानवाचक भएको हुनाले जड (अचेतन) पदार्थहरू जस्तो नभएर ज्ञानयोग्यता भएका यी जीवहरू आफ्ना स्वामी भगवान्को दास बनेर उज्जीवनलाई प्राप्त गर्दछन् भन्ने भावार्थ हो॥

बीचमा भएको 'उ'कारले ईश्वर र जीवको बीचमा भएको सम्बन्धलाई बोध गराउँदछ। त्यो सम्बन्ध मुख्यरूपेण स्व-स्वामिभावसम्बन्ध हो। यसैलाई शेष-शेषिभावसम्बन्ध पनि भन्दछन्। **'अनन्यार्हम्'** भन्ने पदले यो जीव, भगवान्देखि अतिरिक्त कसैको पनि दास बन्ने योग्य व्यक्ति होइन भनेर



http://acharya.org

बताउँदछ । भगवान्, भगवान्‌को पत्नीगण, आचार्यहरू र भगवद्भक्तहरूदेखि अतिरिक्त अरु कसैको दास होइन भन्ने अर्थ हो । यो संग्रहरूपमा प्रथमश्लोकको अर्थ हो ॥१॥

*मन्त्रब्रह्मणि मध्यमेन नमसा पुंसः स्वरूपं गतिः*
*गम्यं शिक्षितमीक्षितेन पुरतः पश्चादपि स्थानतः ।*
*स्वातन्त्र्यं निजरक्षणं समुचिता वृत्तिश्च नान्योचिता*
*तस्यैवेति हरेर्विविच्य कथितं स्वस्यापि नार्हं ततः ॥२॥*

प्रतिपदार्थ –

मन्त्रबह्मणि = श्रेष्ठतम अष्टाक्षरीमहामन्त्रमा
मध्यमेन = बीचमा रहेको
नमसा = पहिलो अक्षरसँग
ईक्षितेन = अन्वय हुँदा खेरि
पुंसः स्वरूपम् = जीवात्माको शेषत्वस्वरूपलाई
शिक्षितम् = बोध गराउँदछ
स्थानतः = आफ्नै स्थानमा
ईक्षितेन = अन्वयहुँदा
गतिः = यो शेषत्व नै उपाय हो भन्ने अर्थलाई



http://acharya.org

शिक्षितम् = बोध गराउँदछ
पश्चात् = पछाडि रहेको नारायणपदसँग
ईक्षितेन = अन्वय हुँदाखेरि
गम्यम् = प्राप्य फललाई
शिक्षितम् = बोध गराउँदछ
स्वातन्त्र्यम् = स्वतन्त्र भएर रहने धर्म
तस्यैव हरेः = श्रीविष्णुभगवान्को लागि सहज हो
निजरक्षणम् = यस जीवात्माको रक्षा गर्नु
तस्यैव हरेः = श्रीभगवान्कै धर्म हो
नान्योचिता = अरुको लागि उचित छैन
इति विविच्य कथितम् = यसरी पृथक् पृथक् गरेर बताइएको छ
ततः = त्यसै भएको हुनाले
स्वस्यापि नार्हम् = आफ्नो लागि पनि यी तीनैवटै कर्म उचित छैन ॥

## विवरण -

अष्टाक्षरीमहामन्त्र भन्दा बढेर कुनै अर्को महामन्त्र छैन । नारायण भन्दा बढेर अर्को परदैव छैन भनेर व्यासादि महर्षिहरूले बताउनुभएको छ । त्यस्तो अष्टाक्षरी महामन्त्रमा मध्यमपदको रूपमा विद्यमान '**नमः**' भन्ने पदले तीनप्रकारको अर्थलाई बोध गराउँदछ भनेर प्रस्तुत श्लोकले विवरण गरेको



http://acharya.org

छ । एउटै पदले तीनवटा अर्थहरू कसरी बोध गराउँदछ त भन्दा - त्यसको लागि **देहलीदीपन्याय** र **काकाक्षिन्याय**लाई व्याख्यानकर्ताहरूले दृष्टान्तको रूपमा देखाउनुभएको छ । संघारमा राखेको बत्तीले भित्र - बाहिर दुबैतिर प्रकाश दिन्छ । त्यो **देहलीदीपन्याय** हो । कौवाले एउटै आँखाले दुबैतिर हेर्छ । यो **काकाक्षिन्याय** हो ॥

यस मन्त्रको '**नमः**' भन्ने पदले, पछाडिको ओङ्कारसँग अन्वितहुँदा यो जीव, अकारवाच्य ईश्वरको मात्र शेषभूत हो । (**न–मः**) अरुको होइन भन्ने अर्थलाई बोध गराउँदछ । त्यतिबेला यसलाई 'सखण्डनमः' पद भन्दछन् । पदलाई दुई रूपमा विभाजनगर्नु यसको स्वरूप हो । अब (**स्थानतः**) आफै इतरपदहरूसँग नमिलिकन 'नमः' भन्ने अखण्ड पद हुँदा दास्यको चिह्न मानिने नमस्काररूप अर्थलाई बोध गराउँदछ । अगाडिको '**नारायण**' भन्ने पदसँग समन्वित हुँदा यो 'नमः' पदले मैले श्रीमन्नारायणकै मात्र सेवा गर्नेछु (न-मः) अरुको सेवा गर्ने छैन भनेर सखण्ड रूपमा यसरी अर्को भावलाई पनि बताउँदछ । यसबाट प्राप्त भएको सारांश के हो त भन्दा-स्वातन्त्र्य भन्ने कुरा भगवान्मा मात्र रहन्छ अरुमा रहँदैन । जीवात्माको रक्षणभार परमात्मामा नै रहन्छ । जीवद्वारा गरिने कैङ्कर्यको फल भगवान्लाई नै प्राप्त हुन्छ । अरुलाई हुँदैन । यसरी यो 'नमः' पदले अलग अलग तीन अर्थहरूलाई बोध गराएको छ ।



http://acharya.org

यस अनुसार जीव आफ्नो लागि आफू स्वतन्त्र होइन । मेरो रक्षा म आफै गर्छु भन्ने भाव पनि उचित होइन । फलमा स्वार्थबुद्धि पनि रहन हुँदैन । यो 'नमः' पदद्वारा निष्कर्ष गरिएको सारांश हो ॥२॥

*अकारार्थायैव स्वमहमथ मह्यं न निवहाः*
*नराणां नित्यानामयनमिति नारायणपदम् ।*
*यमाहास्मै कालं सकलमपि सर्वत्र सकला-*
*स्ववस्थास्वाविःस्युर्मम सहजकैङ्कर्यविधयः ॥३॥*

**प्रतिपदार्थ -**

अहम् = म

अकारार्थायैव = अकारवाच्य परत्माको नै

स्वम् = शेषभूत (दास) हुँ

अथ = फेरि

मह्यं न = मेरो लागि म स्वतन्त्र होइन

नित्यानाम् = सबै कालमा रहनेवाला

नराणाम् = आधारको रूपमा भएका (बहुव्रीहिसमास) र ती समुदायहरूका स्वयम् आधार भएका (षष्ठी तत्पुरुषसमास)



http://acharya.org

इति = यसरी

नारायणपदम् = नारायण भन्ने शब्दले

यम् आह = जुन परमात्मालाई यसरी बताउँदछ

अस्मै = यस्ता परमात्माकै लागि

सकलं कालमपि = सबै कालहरूमा

सर्वत्र = सबै प्रदेशहरूमा

सकलास्ववस्थासु = सबै दशाहरूमा

मम = मलाई

सहज = स्वतस्सिद्ध

कैङ्कर्यविधय: = परिचर्यारूप कार्यक्रमहरू

आवि:स्यु: = संभव बनुन् ॥

**विवरण -**

म भगवान्कै शेषभूत हुँ। अरुको होइन। म स्वतन्त्र पनि होइन भनेर पूर्वश्लोकहरूमा बताइएको अर्थलाई यहाँ अन्वय गरियो। अब अगाडि '**नारायण**' शब्दार्थ बताइँदै छ। यसमा **नार+अयन** भन्ने दुई भाग छ। पहिलो 'नार' शब्दमा पनि न+र भनेर उनीहरूको समुदाय भन्ने अवान्तरविभाग छ। 'र' भन्ने अक्षरले नाश हुने पदार्थहरूलाई बताउँदछ। त्यसैमा 'न' भन्ने अक्षरलाई मिलाउँदाखेरि 'नर' भन्ने शब्दको = नाश नहुने नित्यवस्तुहरू भन्ने अर्थ हुन्छ। तिनीहरूको समुदायलाई 'नार


http://acharya.org

भनिन्छ। भगवान्देखि भिन्न एवं भगवान्द्वारा नै शासित दुई विभूतिहरू छन् । ती मध्ये पहिलो **'नित्यविभूति'** नामक परमपद हो । दोस्रो **'लीलाविभूति'** नामक संसारमण्डल हो । नित्यविभूति (वैकुण्ठ) मा रहने प्रत्येक वस्तुहरू उत्पत्ति-विनाशरहित भएका हुनाले ती वस्तुहरूलाई स्वरूपनित्य भनिएको छ । नित्यविभूतिमा रहने वस्तुहरू पनि उत्पत्ति र विनाशले युक्त भएतापनि फेरि फेरि उसै ढंगले (पूर्ववत्) अनुवर्तन हुने भएकाले गङ्गानदीको प्रवाह झैं प्रवाहतोनित्य मानिन्छन् ॥

यसरी लीलाविभूतिमा भएका सबै वस्तुहरू, नित्यविभूतिमा रहने समस्तजीवहरू, गोपुर-मण्डप-प्राकार, भगवान्को दिव्यमङ्गलविग्रह, उहाँमा भएका समस्त कल्याणगुणहरू यी सबै वस्तुहरू नाशरहित भएकाहुनाले **'नार'** भनेर बताइएका छन् । ती सबै वस्तुहरूको परमात्मा (अयनम्) आधार भएको हुनाले उहाँलाई 'नारायण' भनेर शास्त्रमा बताइएको छ । आफूदेखि भिन्न समस्त वस्तुहरूको आधार भएर रहनु भगवान्को परत्वको सूचक हो । यो षष्ठीतत्पुरुषसमासद्वारा प्राप्त भएको अर्थ हो ॥

'नार' भन्ने ती सबै पदार्थहरूमा परमात्मा अन्तः प्रवेश गरेर रहनेभएकोहुनाले ती पदार्थहरू उहाँको लागि आधार भएर रहन्छन् । यसरी ती सबै पदार्थहरू आफ्नो आधार भएका



http://acharya.org

हुनाले बहुव्रीहिसमासद्वारा पनि 'नारायण' भन्ने शब्द सिद्ध हुन्छ। यी दुवै अर्थहरूद्वारा भगवान् भित्र-बाहिर सबै पदार्थहरूमा व्यापक भएर रहनुहुन्छ भन्ने विषय थाहा हुन्छ। यो अन्तर्व्याप्तिले सबै प्राणीहरूका लागि सन्निहित भएर हृदयमा विराजमान रहेर रक्षक बन्ने परमात्माको सौलभ्यलाई सूचित गर्दछ । भगवान्‌को नामहरूमा उहाँको समग्रतालाई बताउने यो **'नारायण'** नाम यौटै मात्र हो । त्यही भएर यो नाम उहाँकै संज्ञावाचक हो । यो नाम अरु देवताहरूको विषयमा अन्वित हुँदैन भन्ने शास्त्रकर्ताहरूको निर्णय छ । यस्ता परमात्माको विषयमा मैले सर्वकाल, सर्वदेश, सर्वावस्थाहरूमा निरन्तररूपमा अभीष्ट कैङ्कर्यहरू गर्न पाऊँ भन्ने अर्थ, मन्त्रको अन्तिममा रहेको **'आय'** भन्ने प्रत्ययद्वारा बताइएको छ । यो अष्टाक्षरीमन्त्रको सारांश हो ॥३॥



http://acharya.org

*देहासक्तात्मबुद्धिर्यदि भवति पदं साधु विद्यात् तृतीयं*
*स्वातन्त्र्यान्धो यदि स्यात् प्रथममितरशेषत्वधीश्चेत् द्वितीयम् ।*
*आत्मत्राणोन्मुखश्चेत् नम इति च पदं बान्धवाभासलोलः*
*शब्दं नारायणाख्यं विषयचपलधीश्चेत् चतुर्थीं प्रपन्नः ॥४॥*

**प्रतिपदार्थ –**

प्रपन्नः = शरणागतव्यक्तिले
देहासक्तात्मबुद्धिः = देह नै आत्मा हो भन्ने भ्रमले युक्त
यदि भवति = भयो भने
तृतीयम् = प्रणवमा भएको तेस्रो अक्षर '**म**'कारलाई
साधु विद्यात् = राम्रोसँग स्मरण गर्नुपर्दछ
स्वातन्त्र्यान्धः = स्वातन्त्र्यरूपी अन्धकारले आवृत व्यक्ति
यदि स्यात् = भयो भने
प्रथमं विद्यात् = प्रणवमा पहिलो अक्षर अकारलाई राम्रोसँग जान्नुपर्दछ
इतरशेषत्वधीश्चेत् = म भगवान्देखि अतिरिक्त अरु कसैको सेवक हुँ भन्ने भ्रममा परियो भने
द्वितीयं विद्यात् = प्रणवमा दोस्रो पद '**उ**'कारको अर्थलाई ग्रहण गर्नु पर्दछ
आत्मत्राणोन्मुखश्चेत् = मलाई मैले आफै रक्षा गर्न सक्छु भन्ने भ्रम भयो भने



http://acharya.org

नम इति च पदं विद्यात् = '**नमः**' भन्ने पदलाई ग्रहण गर्नुपर्दछ
विषयचपलधीश्चेत् = लौकिकविषयहरूमा व्यसन बुद्धिले युक्त भयो भने
चतुर्थीं विद्यात् = '**आय**' भन्ने चतुर्थीविभक्तिको अर्थलाई ग्रहण गर्नुपर्दछ ॥

## विवरण -

देहात्मभ्रम (शरीर नै आत्मा हो भन्ने बुद्धि) भयो भने प्रणवको तेस्रो अक्षर जीवस्वरूपप्रतिपादक 'म्' भन्ने अक्षरलाई जान्नुपर्दछ। त्यो 'म'कारले जीव ज्ञानस्वरूप छ, आनन्दस्वरूप छ, अणुस्वरूप छ। देहको स्वरूपमा छैन भनेर बताउँदछ। कहीँ स्वातन्त्र्यको भ्रमले युक्त भयो भने त्यस्तो स्वतन्त्रभावना, रावण आदिको लागि जस्तै अनर्थको हेतु बन्दछ। त्यही भएर त्यस्तो भ्रमलाई निवारण गर्नको लागि सर्वस्वतन्त्र, सर्वस्रष्टा, सर्वरक्षक परमात्मा नै हुनुहुन्छ भनेर बताउने प्रणवमा पहिलो अक्षर '**अ**'कारलाई दृढरूपमा जान्नुपर्दछ। लोकमा केहीजनालाई यो स्वातन्त्र्यभ्रम नभएता पनि अरु देवताहरूको म शेषभूत हुँ भन्ने अर्को भ्रम हुन्छ। त्यो पनि भूल हो भन्ने प्रणवको दोस्रो पद '**उ**'कारको तात्पर्य हो। अरु केहीजनाले आफूलाई रक्षा गर्न सक्ने शक्ति आफैमा छ भन्ने मानेर अनेकौं उपायहरूको आचरण गर्दछन्। त्यो पनि ठीक होइन भनेर '**नमः**' पदले बोध


http://acharya.org

गराउँदछ । आभासबन्धुहरूले रक्षा गर्न सक्छन् भनेर केही जना व्यक्तिहरूले उनीहरूमाथि व्यामोह राख्दछन् । त्यो पनि ठीक छैन भनेर बोध गराउने **'नारायण'** पदको अर्थलाई उनीहरूले अनुसन्धान गर्नुपर्दछ ॥

यो **'नारायण'** पदद्वारा ईश्वरसँग जीवको नौ प्रकारको सम्बन्ध छ भन्ने विषयको बोध हुन्छ । त्यो नौ प्रकारको सम्बन्ध यसप्रकार छ - १) **पितापुत्रसम्बन्ध** २) **रक्ष्य-रक्षकसम्बन्ध** ३) **शेष-शेषिभावसम्बन्ध** ४) **भर्तृ-भार्याभावसम्बन्ध** ५) **ज्ञातृ-ज्ञेयभावसम्बन्ध** ६) **स्व-स्वामिभावसम्बन्ध** ७) **आधाराधेयभावसम्बन्ध** ८) **शरीर-शरीरिभावसम्बन्ध** ९) **भोक्तृ-भोग्यभावसम्बन्ध** । यसरी यी नौ प्रकारका सम्बन्धहरू भगवान्सँग छन् भनेर नारायणपदको अनुसार ग्रहण गर्दाखेरि लौकिकबन्धुहरूमाथि भएको आभासभ्रम निवृत्त हुन्छ । अब अष्टाक्षरी महामन्त्रको अन्तिममा रहेको चतुर्थीविभक्तिले, भगवान् नारायणको लागि आफूले गर्ने कैङ्कर्यवृत्ति नै आफ्नो लागि परमप्राप्य एवं निरपाय हो भनेर बताएको हुनाले दुःखहेतु मानिने लौकिक व्यसनहरू उचित छैनन् भन्ने अर्थलाई सूचित गर्दछ । यसरी अष्टाक्षरीमन्त्र, तत्त्वलाई बताएर अनुसन्धान गर्ने व्यक्तिको लागि उज्जीवनको कारण बन्दछ । यस स्तोत्रमा भएका प्रारम्भका चार श्लोकहरूले अष्टाक्षरी मन्त्रलाई विवरण गरेका छन् ॥४॥


http://acharya.org

***नेतृत्वं नित्ययोगं समुचितगुणजातं तनुख्यापनं च
उपायं कर्तव्यभागंत्वथ मिथुनपरं प्राप्यमेवं प्रसिद्धम् ।
स्वामित्वं प्रार्थनां च प्रबलतरविरोधिप्रहाणं दशैतान्
मन्तारं त्रायतेचेत्यधिगतनिगमः षट्पदोऽयं द्विखण्डः ॥५॥***

**प्रतिपदार्थ –**

अधिगतनिगमः = शास्त्रहरूमा प्रबोधित

षट्पदः = छ पदहरूले युक्त

द्विखण्डः = दुई वाक्यको रूपमा विभाजन गरिएको

अयम् = यो द्वयमन्त्रले

नेतृत्वम् = श्रीलक्ष्मीजीको पुरुषकारलाई

नित्ययोगम् = लक्ष्मीजीको नित्यसम्बन्धलाई

समुचितगुणजातम् = आश्रय गर्नको लागि र फलप्रदान गर्नको लागि उचित गुण समुदायलाई

तनुख्यापनम् = भगवान् दिव्यशरीरले युक्त हुनुहुन्छ भन्ने विषयलाई

कर्तव्यभागम् = आत्मार्पण गर्नु अथवा दृढ विश्वासलेयुक्त हुनु भन्ने विषयलाई

अथ = यसैगरी

एवं प्रसिद्धम् = शास्त्रहरूमा स्पष्टरूपले बताइएको

मिथुनपरम् = दिव्यदम्पतीहरूसँग सम्बन्धित



http://acharya.org

प्राप्यम् = कैङ्कर्यवृत्तिलाई

स्वामित्वम् = भगवान्को स्वतन्त्रतालाई

प्रार्थनां च = यस जीवको प्रार्थना पनि आवश्यक छ भन्ने विषयलाई

प्रबलतर = अत्यन्तक्रूर

विरोधिप्रहाणम् = क्षुद्रस्वार्थभावनाराहित्यरूप

एतान् दश = यी दश विषयहरूलाई

मन्तारम् = मनन गर्ने व्यक्तिलाई

त्रायते च = यो द्वयमन्त्रले रक्षा गर्दछ ।

**विवरण -**

यो मन्त्रको पहिलो वाक्यमा रहेको '**श्री**' शब्द, लक्ष्मीजीको वाचक हो । उहाँ हामीले भगवान्को शरणमा जाँदा पुरुषकार (घटक) स्वरूपिणी भएर रहनुहुन्छ भन्ने विषयलाई उक्त '**श्री**' शब्दले बोध गराउँदछ । उहाँ (लक्ष्मीजी)ले भगवान्को आश्रय लिनुहुन्छ । हामीद्वारा स्वयम् आश्रित भएर रहनुहुन्छ । त्यही भएर उहाँलाई '**श्री**' भनेर बताइएको छ । '**श्री**' शब्दको बगलमा रहेको '**मत्**' भन्ने प्रत्ययले, लक्ष्मीनारायण दुवैको बीचमा रहेको अलग गर्न नसकिने नित्यसम्बन्धलाई बताउँदछ । त्यसपछि रहेको '**नारायण**' शब्दले भगवान्मा भएका दुई प्रकारका गुण वर्गहरूलाई बताउँदछ ॥



http://acharya.org

(दुईप्रकारको गुणवर्ग भनेको - महापुरुषहरूले भगवान्का गुणहरूलाई "आश्रयणसौकर्यापादक - आश्रितसौकर्यापादक" भनेर दुई वर्गको रूपमा विभाजन गर्नुभएको छ। सर्वदेवाधिदेव श्रीभगवान् हामीजस्ता अल्पव्यक्तिहरूले आश्रय लिन मिल्ने गरी सुलभ बनेर रहनुहुन्छ र ? भन्ने सन्देहलाई निवारण गर्ने परमात्मामा भएका सौशील्य-सौलभ्य आदि गुणहरू हुन्। यी गुणहरूले, जीवले सन्देह नगरीकन तुरुन्त परमात्माको आश्रय लिन सौकर्य (सुविधा) प्रदान गर्दछन्। हाम्रा स्वामी (भगवान्) सर्वसुलभ हुनुहुन्छ। मृदुहृदयवाला हुनुहुन्छ। सबैसँग मिलजुल भएर घुम्न सक्ने सुशील हुनुहुन्छ। त्यही भएर हामीहरूले उहाँको आश्रय लिन सकिन्छ भनेर भावना गर्न मिल्ने शुभगुणहरू नै आश्रयणसौकर्यापादकगुण भनिन्छन्। यो पहिलो वर्ग हो॥

भक्तहरूले आश्रयण गरेपछि उनीहरूलाई तिरस्कार नगरीकन उनीहरूले चाहेका सबै अभिलाषाहरूलाई पूर्ण गर्न सक्ने भगवान्का गुणहरू, दया-वात्सल्य-औदार्य-ज्ञान-बल-ऐश्वर्य आदि हुन्। यी सबै आश्रित (भक्त) हरूका सबै कार्यहरूलाई पूरा गर्न सक्ने गुणहरू हुन्। यो दोस्रो वर्ग हो। यस्ता गुणहरू भगवान्मा असंख्येय छन् भन्ने अर्थ "नारायण" पदद्वारा प्रबोधित भएको छ॥)

त्यसपछि '**चरणौ**' भन्ने शब्दले भगवान्का सुन्दर श्रीपादहरूलाई बताउँदै उहाँको दिव्यमङ्गलविग्रहलाई सूचित



http://acharya.org

गर्दछ । 'शरण' शब्दले परमात्मा नै रक्षक हुनुहुन्छ भन्ने उपायत्वलाई सूचित गर्दछ । निघण्टु (कोश) को अनुसार "**शरणं गृहरक्षित्रो:**" भनेर बताइएको हुनाले यहाँ '**शरण**' शब्दले रक्षक भन्ने अर्थलाई बताउँदछ । '**प्रपद्ये**' भन्ने अन्तिमपदले आफूले गर्नुपर्ने आत्मार्पण र दृढविश्वासलाई बोध गराउँदछ । यसैलाई नै **प्रपत्ति-भरन्यास-शरणागति** भनेर पनि व्यवहार गर्दछन् ॥

अब द्वयमन्त्रमा दोस्रो वाक्यले, आफूलाई लभ्य हुने कैङ्कर्यको फल दिव्यदम्पती दुबैको लागि प्राप्त हुन्छ, भगवान् नै स्वामी हुनुहुन्छ, प्रार्थना गरेर नै भगवत्कैङ्कर्यलाई प्राप्त गर्नुपर्दछ भन्ने विषयहरूलाई बताउँदछ । मानवले उज्जीवन प्राप्त गर्नुपर्दा स्वार्थ, प्रबल शत्रुजस्तो हो । त्यो रहनु हुँदैन भनेर बताउनु नै अन्तिममा रहेको '**नम:**' पदको तात्पर्य हो । यो पदले सखण्ड (न+म:) भएर रहँदा हजुरको सेवादेखि अतिरिक्त प्रतिफलको रूपमा मैले केही पनि अपेक्षा गर्दिन भनेर बताउँदछ । यसरी माथि बताइएका दश अर्थहरूलाई यो द्वयमन्त्रले बताउँदछ । केहीजनाले यो शरणागति, शास्त्रहरूमा त बताइएको छैन ? भनेर शंका गर्दछन् । तर "**मुमुक्षुर्वै शरणमहं प्रपद्ये**" यसरी श्वेताश्वतरोपनिषद्मा, "**तां पद्मनेमिं शरणमहं प्रपद्ये**" यसरी श्रीसूक्तमा पनि बताइएकोहुनाले यो शरणागति प्रमाणसिद्धविषय नै हो भन्ने कुरा सुस्पष्ट हुन्छ ॥५॥



http://acharya.org

*ईशानां जगतामाधीशदयितां नित्यानपायां श्रियं*
*संश्रित्याश्रयणोचिताखिलगुणस्याङ्घ्री हरेराश्रये ।*
*इष्टोपायतया श्रिया च सहितायात्मेश्वरायार्थये*
*कर्तुं दास्यमशेषमप्रतिहतं नित्यंत्वहं निर्ममः ॥६॥*

**प्रतिपदार्थ –**

जगताम् ईशानाम् = सबैलोकको नायकी
अधीशदयिताम् = जगन्नायक भगवान्‌की प्रियतमा
नित्यानपायाम् = सर्वदा भगवान्‌लाई नछोडेर रहनेवाली
श्रियम् = लक्ष्मीदेवीलाई
संश्रित्य = आश्रयण एवं प्रणाम गरेर
आश्रयणोचित = हामीले आश्रयण गर्ने योग्य
अखिलगुणस्य = वात्सल्यादि समस्त गुणहरूले युक्त
हरेः = श्रीमन्नारायणभगवान्‌को
अङ्घ्री = पादपद्महरूलाई
आश्रये = रक्षकको रूपमा आश्रय लिन्छु
श्रिया च सहिताय = लक्ष्मीदेवीको साथमा विराजमान
आत्मेश्वराय = सर्वस्वामी परमात्माको लागि
अहम् = म
निर्ममः = फलको विषयमा ममकार बुद्धिरहित भएर
अशेषम् = समस्त



http://acharya.org

अप्रतिहतम् = निरन्तर अनुवर्तन गर्नेवाला
नित्यं दास्यम् = सबै दशाहरूमा गर्ने योग्य सेवालाई
कर्तुम् = आचरण गर्नको लागि
अर्थये = प्रार्थना गर्दछु ॥

## विवरण -

श्रीवैष्णवहरूलाई "**मिथुनायन**" भन्दछन् । उहाँहरूको लागि लक्ष्मीनारायण दुवै आराध्य हुनुहुन्छ भन्ने सम्प्रदाय हो । मध्वमतानुयायीहरूलाई '**एकायन**' भन्दछन् । जसरी माता-पिता दुबैको मिलाएर सेवा गरिन्छ त्यसैगरी भगवद्रामानुजसम्प्रदायमा लक्ष्मी-नारायण दुबै नै आराध्य हुनुहुन्छ भन्ने विषयलाई द्वयमन्त्रको दुवै वाक्यहरूमा भएको '**श्रीमत्**' शब्दले बताउँदछ । त्यही भएर श्रीभगवद्रामानुजस्वामीजीले शरणागतिगद्यमा "**ओम् भगवन्नारायणाभिमतानुरूपस्वरूप**" इत्यादि प्रथमवाक्यद्वारा पहिला लक्ष्मीदेवीको शरणागति गरेर त्यसपछि उहाँको पुरुषकार द्वारा भगवान्को शरणागति गर्नुभएको छ । भगवान् समस्तलोकका ईश्वर भए झैं श्रीलक्ष्मीजी ईश्वरी भएकी हुनाले सर्वजगन्माता हुनुहुन्छ र साथै भगवान्की प्रियतमा हुनुहुन्छ । मेरो शरणागति सफल हुनेगरी भगवान्सँग निवेदन गरिदिनु भनेर बताउनु नै पहिला लक्ष्मीजीको शरणागति गर्नुमा प्रयोजन हो । लक्ष्मीजीको पुरुषकारपूर्वक वात्सल्यादिगुणहरूले पूर्ण


http://acharya.org

भगवान्‌को श्रीचरणारविन्दमा शरणागति गर्नु नै प्रपत्ति हो । प्रणाम गर्नु शारीरकप्रपत्ति हो । मुखले मन्त्रलाई उच्चारण गर्नु वाचिक प्रपत्ति हो । परमात्मा नै रक्षक हुनुहुन्छ भनेर मनमा दृढ विश्वास हुनु मानसिक प्रपत्ति हो । '**प्रपद्ये**' भन्ने पदमा यी तीन शरणागतिहरू अन्तर्निहित छन् । यो पूर्वखण्डको तात्पर्य हो ॥

दोस्रो खण्ड प्रार्थनाको रूपमा छ । लक्ष्मीजीसहित नारायणको नै मैले निरन्तर सेवा गर्नेछु । यही नै मेरो लागि अभिलषणीय हो । सबै प्रकारका सेवाहरू तारतम्य विना नै गर्नेछु । सेवादेखि अतिरिक्त कुनै पनि प्रतिफलको आशा गर्ने छैन । यस्तो प्रार्थना नगर्ने हो भने भगवान् मेरो रक्षाको लागि अगाडि आउनुहुन्न । त्यही भएर प्रार्थना गर्नु मेरो अवश्य कर्तव्य हो । यसरी ५ र ६ श्लोकहरूद्वारा द्वयमन्त्रको विवरण गरियो ॥६॥



http://acharya.org

*मत्प्राप्त्यर्थतया मयोक्तमखिलं सन्त्यज्य धर्मं पुनः*
*मामेकं मदवाप्तये शरणमित्यार्तोऽवसायं कुरु ।*
*त्वामेव व्यवसाययुक्तमखिलज्ञानादिपूर्णोह्यहं*
*मत्प्राप्तिप्रतिबन्धकैर्विरहितं कुर्यां शुचं मा कृथाः ॥७॥*

**प्रतिपदार्थ -**

मत्प्राप्त्यर्थतया = मलाई प्राप्त गर्नको निमित्त
मया उक्तम् = मैले बताएका
अखिलं धर्मम् = समस्त धर्महरूलाई
सन्त्यज्य = छोडेर
पुनः = फेरि
माम् एकम् = मलाई मात्र
मदवाप्तये = मेरो प्राप्तिको निमित्त
शरणम् इति = साधन भन्ने मानेर
आर्तः = व्याकुलमनले युक्त भएर
अवसायं कुरु = निश्चयलाई प्राप्त गर
एवं व्यवसाययुक्तं त्वाम् = यस्तो निश्चयबुद्धिले युक्त भएको तिमीलाई
अखिलज्ञानादिपूर्णः अहम् = परिपूर्ण ज्ञानशक्त्यादि गुणहरूले युक्त भएको मैले
मत्प्राप्तिप्रतिबन्धकैः = मलाई प्राप्त गर्नको निमित्त विघ्नको



http://acharya.org

रूपमा रहेका सबै पापहरूबाट
विरहितं कुर्याम् = दूर गरिदिने छु
शुचं माकृथाः = शोक नगर्नु ॥

**विवरण –**

श्रीकृष्णभगवान्ले भगवद्गीतामा चरमश्लोक भन्दा अगाडि १८ अध्यायहरूद्वारा अर्जुनको लागि कर्तव्यको रूपमा कर्मयोग आदि अनेक उपायहरू बताउनुभयो । अन्तिममा यी सबै उपायहरूको आचरण गर्ने शक्ति ममा छैन भनेर दुःखी भएका अर्जुनलाई चरम (अन्तिम) उपायको रूपमा सुलभ शरणागतिमार्गलाई "**सर्वधर्मान्**" भन्ने श्लोकमा स्पष्ट रूपले उपदेश गर्नुभएको छ । त्यही भएर उक्त श्लोकलाई **चरमश्लोक** भनेर महापुरुषहरूले निर्णय गर्नुभएको छ । यो श्लोक भगवान्को साक्षात् अभयप्रदानरूप वाक्य भएको हुनाले यसलाई पनि मन्त्रको रूपमा ग्रहण गरेर अष्टाक्षरी एवं द्वयमन्त्रको साथमा सदाचार्यहरूले शिष्यहरूलाई उपदेश गर्नुहुन्छ ॥

"**रामो द्विर्नाभिभाषते**" भने अनुसार आफूले बताएको वचनलाई भगवान्ले उल्लङ्घन गर्नुहुन्न । त्यही भएर अवश्य नै रक्षा गर्नुहुन्छ भनेर परिपूर्ण विश्वास गर्न सकिन्छ । यो भन्दा पहिला मैले (गीताचार्यले) बताएका सबै कर्महरूलाई, यी सबै मेरो लागि साध्य छैनन् भनेर तिमीले छोडिदिनुपर्छ ।



http://acharya.org

कर्महरू तीनप्रकारका छन् । **नित्य-नैमित्तिक-काम्यकर्महरू** । त्यस्ता सबै कर्महरूलाई छोडेर अर्थात् ती कर्महरूमा उपायबुद्धिलाई छोडेर नै तिमीले मेरो शरणागति गर भनेर बताउनुभएको छ । "**स्नात्वा भुञ्जीत**" भन्ने वाक्यमा स्नान गरेर नै भोजन गर्नुपर्दछ भनेर विधान गरिए अनुसार सर्वकर्महरूलाई छोडेर नै शरणागति गर्नुपर्दछ भन्ने तात्पर्य हो । तिमीले यसरी शरणागति गऱ्यौ भने मैले तिमीलाई सबै पापहरूबाट मुक्त गराउने छु भनेर भगवान्ले अभयप्रदान गर्दैहुनुहुन्छ ॥

पुण्य-पापरूपकर्महरूलाई अनुभव गरेर नै समाप्त गर्नुपर्दछ । जति नै विशिष्ट व्यक्तिहरूको लागि पनि ती कर्महरूबाट छलिन साध्य हुँदैन । भगवदनुग्रह सम्पादन गरियो भने उहाँको सत्यसङ्कल्पद्वारा ती कर्महरूबाट छुट्कारा पाउन सकिन्छ । वेदान्तशास्त्रमा कर्महरूलाई '**पूर्वाघ**' र '**उत्तराघ**' भनेर दुई ढंगले विभाजन गरिएको छ । पूर्वाघमा पनि **संचित** र **प्रारब्ध** भनेर दुई ढंगले विभाजन छ । '**संचित**' भनेको वर्तमानमा अनुभवमा नआएर स्थिररूपमा रहेर भविष्यत्मा अनुभव गर्ने योग्य कर्महरू हुन् । यस शरीरमा सुख-दुःखादि फलहरूलाई दिन प्रारम्भ भएका कर्महरूलाई '**प्रारब्धकर्म**' भन्दछन् । त्यसैगरी '**उत्तराघ**' भनेको आफ्नो जीवनमा तत्त्वज्ञान भइसकेपछि समय-समयमा गरिने पापकर्महरू हुन् । यी



http://acharya.org

**उत्तराघ**हरू पनि **'प्रामादिक'** एवं **'बुद्धिपूर्वक'** भन्ने दुई प्रकारका छन् । यी सबै कर्महरूलाई तिमीसँग सम्बन्ध नरहनेगरी मैले हटाइदिन्छु भनेर भगवान्ले अभयप्रदान गर्नु भएको छ ॥

यहाँ यौटा विशेष कुरा ध्यान दिने गोग्य छ - **'संचित'**, **'प्रामादिक'** एवं **'बुद्धिपूर्वक'** यी तीनै ढंगका कर्महरूलाई भगवान्ले हटाइदिनुहुन्छ । तर प्रारब्धकर्महरूलाई भने त्यसै जन्ममा नै आयु रहँदासम्म प्रपन्नहरूले पनि अनुभव गर्नैपर्दछ भन्ने भगवान्ले निर्णय गरेको व्यवस्था हो । प्रपन्नहरूमा पनि दुई वर्ग छ । १) **आर्तप्रपन्न** र २) **दृप्तप्रपन्न** ॥

**दृप्तप्रपन्न भनेको** - आफ्नो कर्तव्यको रूपमा रहेको शरणागतिलाई आचरण गरेर मोक्षको लागि प्रतीक्षा गर्ने अधिकारी हो । अब दोस्रो **आर्तप्रपन्नवर्ग**, संसारको दुःखलाई सहन गर्न नसकेर भगवान्को वियोगलाई क्षणकाल पनि सहन गर्न नसकेर प्राणत्यागको लागि सिद्ध हुने अधिकारी हो । यस आर्तप्रपन्नको लागि शरणागतिले तुरुन्तै फल दिएर मोक्ष प्रदान गर्दछ । दृप्तप्रपन्नहरूलाई देहावसानपर्यन्त प्रारब्धकर्महरूलाई अनुभव गराएर मोक्षप्रदान गर्दछ । यो सर्वस्वतन्त्र भगवान्को व्यवस्था हो । यो प्रारब्धकर्मानुभव त महापुरुषहरूको लागि पनि अवश्य अनुभाव्य छ । प्रपन्नले पनि प्रामादिक ढंगले एवं बुद्धिपूर्वकरूपमा गरेका कर्महरूको विषयमा पश्चात्तापले युक्त



http://acharya.org

भएर क्षमापण (भगवान्सँग क्षमाप्रार्थना) गऱ्यो भने ती पापहरूलाई भगवान्ले दूर गरिदिनुहुन्छ । अन्यथा उसलाई पनि सानो दण्ड दिएर ती पापहरूलाई निवारण गरिदिनु हुन्छ । यसरी प्रारब्धकर्मलाई मात्र अनुभव गराएर त्यो देखि अतिरिक्त प्रपन्नको **पूर्वाघ** एवम् **उत्तराघ**हरूलाई भगवान्ले निवारण गरिदिनुहुन्छ भन्ने शास्त्रनिर्णय हो । भगवान्ले बताएको यो अभयप्रदानश्लोक (भगवद्गीताको १८ अध्यायको ६६ औं श्लोक) लाई नित्य अनुसन्धान गर्दै प्रपन्नले दृढ विश्वासको साथमा जीवनको शेषभागलाई कुनै अपचारहरू नगरीकन सावाधानीको साथमा यापन गर्नुपर्दछ भन्ने सारांश हो ॥

त्यो चरमश्लोक यसप्रकार छ -

*सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।*
*अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि माशुचः ॥*

यहाँ श्रीरामायणमा भएको श्रीरामचरमश्लोक पनि अनुसन्धेय छ । त्यो श्लोक यसप्रकार छ -

***सकृदेव प्रपन्नाय तवास्मीति च याचते ।***
***अभयं सर्वभूतेभ्यो ददाम्येतद्व्रतं मम ॥***

॥७॥


http://acharya.org

*निश्चित्य त्वदधीनतां मयि सदा कर्माद्युपायान् हरे !*
*कर्तुं त्यक्तुमपि प्रपत्तुमनलं सीदामि दुःखाकुलः ।*
*एतद्ज्ञानमुपेयुषो मम पुनस्सर्वापराधक्षयं*
*कर्तासीति दृढोऽस्मि ते तु चरमं वाक्यं स्मरन् सारथेः ॥*

**प्रतिपदार्थ –**

हरे = हे श्रीमन्नारायण !

मयि = मैले

त्वदधीनताम् = हजुरको परतन्त्र हुँ भन्ने विषयलाई

निश्चित्य = हजुरको उपदेशद्वारा निर्णय गरेर सधै

कर्माद्युपायान् = कर्मयोग, ज्ञानयोग, भक्तियोग आदि साधनहरूलाई

कर्तुम् = गर्नको लागि

त्यक्तुम् = छोड्नको लागि

प्रपत्तुम् अपि = शरणागति गर्नको लागि पनि

अनलम् = असमर्थ भएर

दुःखाकुलः = शोकले गर्दा दुःखलाई प्राप्त गरेर

सीदामि = स्तब्ध भएको छु ।

सारथेः ते = अर्जुनको सारथिको रूपमा विराजमान हजुरको

चरमं वाक्यम् = उपायहरूमा अन्तिममा बताएको श्लोकलाई

स्मरन् = स्मरण गर्दै



http://acharya.org

एतद् ज्ञानम् = यो विश्वासरूप ज्ञानलाई
उपेयुषो मम = प्राप्त गर्नेवाला मेरो
सर्वापराधक्षयम् = सबै पापहरूको विनाश
कर्ता-असि इति = हजुरले गर्नुहुन्छ भनेर
दृढः अस्मि = दृढ विश्वास गर्दछु

## विवरण -

भगवद्गीतामा अर्जुनको लागि उज्जीवनको हेतुको रूपमा **कर्म-ज्ञान-भक्तियोग**हरू मात्र नभएर अवताररहस्यज्ञान, पुरुषोत्तमप्राप्तियोगज्ञान, दिव्यदेशवास, नामसङ्कीर्तन, अन्तिमस्मरण आदि अनेक उपायहरू बताइएका छन्। ती सबै उपायहरूलाई मैले (स्तोत्रकर्ता श्रीपराशरभट्टर्ले) स्मरण गर्दा ती सबै कष्टसाध्य छन्, अपायभूयिष्ठ छन्। विलम्बगरी फल दिनेवाला छन्। त्यही भएर ती सबै उपायहरूको अनुष्ठान मैले गर्न सक्दिन। शास्त्रहरूद्वारा र साक्षात् भगवान्द्वारा आज्ञा गरिएका कर्महरूलाई छोड्नु भगवान्को क्रोधको कारण बन्दछ कि भनेर अर्को तर्फ आवेदना प्राप्त गर्दैछु। अब शरणागति सुलभ छ। शीघ्र फल दिने वाला छ। यसको लागि इतर साधनहरूको केही आवश्यकता छैन भनेर भावना गर्दा पनि निश्चल विश्वासको आवश्यकता छ। त्यही भएर त्यो पनि मैले गर्न सक्दिन भनेर व्याकुल हुँदैछु। यस्तो मेरो लागि



http://acharya.org

अन्तिमदशामा हजुरले उपदेश गरे अनुसार हजुरमाथि भार राख्नु नै उचित छ। यो विश्वास, यावज्जीवन ममा अनुवर्तन हुनेगरी हजुरले नै अनुग्रह (कृपा) गर्नुहोस् भनेर प्रार्थना गर्नु नै यो अन्तिम श्लोकको तात्पर्य हो ॥

यो अभयप्रदानश्लोकमा सर्वपापहरूबाट तिमीलाई विमुक्त गराउने छु भनेर मात्र बताइएको छ। तर मोक्ष पछि आफ्नो सन्निधानमा लिनेछु भनेर बताइएको छैन ? भन्ने सन्देह यहाँ हुन सक्छ। यो भन्दा पछाडि हामीले, भगवान्ले गर्ने रक्षणको विषयमा अनिष्टनिवृत्ति, इष्टप्राप्ति यी दुवै मिलाएर नै रक्षण हो भनेर बताएकाथियौं। त्यही निर्णय अनुसार केवल पापलाई हटाउने मात्र नभएर विरजास्नान गराएर, प्राकृत सूक्ष्मशरीर लाई पनि हटाएर दिव्य शरीर प्रदान गरेर अर्चिरादिमार्गद्वारा माथिका लोकहरूमा देवताहरूद्वारा मुक्त जीवको स्वागत-सत्कार गराएर आफ्नो श्रीवैकुण्ठदिव्यधाममा जीवलाई बोलाएर उहाँ आफ्नो साथमा पूर्णसाम्यलाई प्रदान गरेर त्यस (मुक्त) लाई अनन्त-गरुड-विष्वक्सेनादि भक्तवर्गहरूमा एक व्यक्तिको रूपमा मिलाएर सबै प्रकारको सेवा (कैङ्कर्य) प्रदान गर्नुहुन्छ भन्ने विषय उपनिषद्हरूमा र सम्प्रदायका प्रबन्धहरूमा पनि बताइएकाछन्। तत्तद्ग्रन्थहरूमा उक्त विषयलाई ग्रहण गर्न सकिन्छ। त्यस्तो पुरुषार्थलाई भगवान्ले प्रदान गर्नुहुन्छ भनेर विश्वास गर्नु नै परमार्थ हो। "**अनुक्तमन्यतो ग्राह्यम्**" भन्ने



http://acharya.org

एउटा शास्त्रपद्धति छ। एक ठाउँमा न बताएको विषयलाई त्यसका अनुबन्धका रूपमा विद्यमान अरु ग्रन्थहरूबाट ग्रहण गरेर अनुसन्धान गर्नुपर्ने हुन्छ ॥८॥

**- स्वस्ति श्रीर्दिशतात् -**



http://acharya.org